# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग ११ गते २०१३ साल

## कानून तथा संसदीय प्रबन्धमन्त्रालयको सूचना

२०१०।११।११ मा नेपाल गजेट खण्ड ३ संख्या २७ मा छापिएको ल. कमिशन सम्बन्धित कानूनमन्त्रालयको विज्ञप्तिको ६ दफाको " तर्जुमा आदि " शब्द पछिको " साधारण सभामा पेश गरिसकेपछि मात्र निर्णय लिइनेछ, काम कुरामा प्रधान न्यायालयसग पनि कमिशनले सम्बन्ध राख्ने छ " भन्ने शब्द झिकी त्यसको सट्टा " मा आवश्यक परेमा मात्र कुनै मन्त्रालय र सम्बन्धित अड्डाहरूसँग छलफल गर्नु पर्ने देखिएमा सम्बन्धित अड्डा र व्यक्ति विशेषज्ञहरूलाई समेत बोलाई छलफल गर्न हुन्छ, यस काम कुरामा सर्वोच्च अदालतसँग कमिशनले सम्पर्क राख्नेछ" भन्ने शब्दहरू राखी संशोधन गरी र त्यसका सम्बन्धबाट नोटसहितको दफा ७ र दफा८ समेत ०१३।६।२४।३ का मंत्रि-मण्डलको निर्णयबमोजिम खारेज भएकोले यो सूचना प्रकाशित गरिएको छ।

आज्ञाले—

नयनबहादुर खत्री क्षत्री,

सेक्रेटरी—कानून तथा संसदीय प्रबन्धमन्त्रालय.



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ। 305

# कानून तथा संसदीय प्रबन्ध मन्त्रालयको सूचना

१५११।५१२ ८।८।०१३

निर्वाचनको काम अत्यन्त महत्वपूर्ण भएको हुँदा सो काम सफलतापूर्वक गर्न गराउनलाई, सरकारबाट निर्वाचन कमिशनका निमित्त भएको देहायबमोजिमको १० दफाको अखितयारी सबै मन्त्रालय, विभाग तथा अड्डाखानाहरूलाईसमेत थाहा होस् भन्नाका निमित्त प्रकाशित गरिएको छ।

[१] निर्वाचन कमिशन, पब्लिक सर्भिस कमिशनसरह भएको हुँदा संसदीय प्रबन्धविभाग निर्वाचन कमिशनको तालुकी विभाग नभई सम्बन्धित विभाग मात्र मानिएको छ। तसर्थ बजेट, ऐन, नियम र थप मद्दत पास गराउन परेमा संसदीय प्रबन्धविभाग मार्फत गराउनू। अरू कुरामा जस्तो कि पास भएको बजेटको रुपैयां खुलाउन र दरबन्दीभित्र नियुक्ति गरेकोमा ना. सु. र सोभन्दा माथिका लागि राज्यव्यवस्था विभागमार्फत जाहेर गरी किताब दर्ता गराउन र सोभन्दा मुनिकालाई त्यस कमिशनबाटै ऐन कानून र बजेटअन्तर्गत रही नियुक्ति गर्नू र अरू विभागसँग कुनै कुराको मद्दत सहयोग लिन परे काम छिटो छिटो चलाउनको निमित्त ठाडै सो विभागलाई लेखी काम गर्नु गराउनू। विभागले पनि निर्वाचन कमिशनबाट लेखी आएको कुरामा आफ्नो काममा बाधा नपर्ने गरी, पूरा पूरा मद्दत सहयोग दिनु दिलाउनू। कुनै विभागअन्तर्गत कुनै अड्डासँग कमिशनले आफ्नो कार्यसम्बन्धी कुनै कुरा सोधी पठाएमा आफ्नो तालुक विभागलाई बोधार्थ पठाई कमिशनलाई सीधै जवाफ दी काम गर्नु गराउनू।

[२] निर्वाचनको काम कार्यक्रम (प्रोग्राम) अनुसार गर्नु पर्ने र तोकिएको समयभित्र समाप्त नगरी नहुने हुनाले यस सम्बन्धमा निर्वाचन कमिशनले लगाए अह्राएको काममा सदर र मोफसलका विभाग तथा अड्डाखानाले अग्राधिकार दिई [टपमोष्ट प्रियोरिटी] तुरुन्ता तुरुन्तै तामेल गर्नू। सो नगरी ढिला सुस्ती र

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

290

लापरवाही गरेमा र म्याद भित्र उचित जवाफ नदिएमा बेहोरा खोली सजायको निमित्त सम्बन्धित मन्त्रालयमा सूचित गर्नू । सरकारको पनि चुनाव घोषित समयमा नै हुनुपर्छ भन्ने मनसाय भएको हुनाले निर्वाचनसम्बन्धी काम कुरामा कुनै सरकारी कर्मचारीले ढिला सुस्ती र लापरवाही गरेमा सरकारले त्यस्ता प्रति कडा कारवाई गर्नेछ ।

[३] निर्वाचन कमिशनलाई नयाँ निकाशा चाहिएमा लेखापढीद्वारा मात्र गर्दा ज्यादा समय लाग्ने हुनाले तुरुन्तातुरुन्तै काम गराउनलाई अर्थ, संसदीय प्रबन्ध, साधारण राज्यव्यवस्था आदि वा अरू कुनै विभागका सेक्रेटरी वा निजले खटाएको डेपुटी सेक्रेटरीसम्मको मिटिङ्ग बोलाई छलफल गरी ठहरिएबमोजिम निकाशाको निमित्त तुरुन्त आवश्यक कारवाई गर्नु र कमिशनले मिटिङ्ग बोलाएको वखतमा सम्बन्धित विभागको सेक्रेटरी अथवा डिपुटी सेक्रेटरीसम्मले मिटिङ्गमा जानू ।

[४] निर्वाचनको काम सदर र मोफसलका कार्यक्रमबमोजिम गराउन पर्ने र पर्न आएको बाधा अडकाउ तुरून्तातुरून्तै हटाइदिनुपर्ने हुनाले निर्वाचन कमिशनको हरएक जिल्लासँग रोजै जस्तो आकाशवाणी वा टेलिफोनद्वारा सम्पर्क हुनुपर्ने हुनाले सम्बन्धित विभागले सकभर चाँडै हरएक जिल्लामा उपरोक्त साधनको सुप्रबन्ध गरिदिनू ।

[५] निर्वाचन कमिशनको पास भएको बजेटको रुपैयाँमध्ये कमिशनबाट लेखी आएमा अर्थविभागले तुरून्तातुरून्तै खुलाई दिनू ।

[६] निर्वाचनको काम पटके हुँदा उक्त कामको निमित्त कमिशनमा कमिश्नरहरूको अर्डरले भए गरेको खर्चको फाँटवारी अरू सेक्रेटरीयट विभागसरह एकाउन्टेन्ट अफिसमा जँचाई ऐन सवालबमोजिम फारक लिने गर्नू ।

[७] निर्वाचन कमिश्नरहरू जिल्ला इलाकामा निर्वाचनको काममा जाँदा आवश्यक परेमा सुरक्षाको निमित्त पुलीसबाट चाहिंदो उचित प्रबन्ध बडाहाकिमले मिलाइदिनू ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

[८] कमिश्नरहरू र स्टाफहरू निर्वाचनको काममा जिल्ला इलाका भ्रमण गर्दा सरकारिया हात्ती, घोडा, मोटर र अरू साधन जे जति छन् निजहरूले मागेमा दिनू ।

[९] कमिश्नरहरू निर्वाचनको काममा दौडाहामा जाँदा निजहरूलाई सरकारी दैनिक तथा भ्रमण भत्ता पाउने गरी एक नोकर लैजानू ।

[१०] कमिश्नरहरू निर्वाचनको काममा जाँदा हवाइ सर्भिस भएको ठाउँमा हवाइ सर्भिसबाट जाने गर्नू र कमिशनका सेक्रेटरी र अरू स्टाफलाई निर्वाचनको काममा मोफसलमा खटाएका कमिश्नरको तजबीजले काम हेरी जरुरी सम्झेमा मात्र हवाइ सर्भिसबाट पठाउने गर्नू ।

आज्ञाले–
नयनबहादुर खत्री क्षत्री,
सेक्रेटरी-कानून तथा संसदीय प्रबन्धमन्त्रालय.

३१२ आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।